
# अबको निकास
# सहभागितामूलक विकास

## बिराज भक्त श्रेष्ठ
### काठमाडौं क्षेत्र नं. ८
प्रतिनिधि सभा सदस्य उम्मेदवार



# प्रतिबद्धता पत्र

# मेरो प्रतिबद्धता

संसदीय प्रतिनिधित्व भएमा, राजनीति सँगसँगै सामाजिक रूपान्तरण गर्दै सुशासन, सम-वृद्धि र राजनीतिलाई सुसंस्कृत बनाउन मेरो भूमिका हुनेछ। आफ्नो जिम्मेवारी र दायित्वहरूलाई निष्ठाका साथ पालना गर्दै, नेपालको राष्ट्रिय हित, राष्ट्रिय अखण्डता र स्वाधीनताको रक्षाको निमित्त सदैव प्रतिबद्ध भई तपाईँहरू सबैलाई संसदमा प्रतिनिधित्व गर्नेछु। देशमा व्याप्त भ्रष्टाचारविरुद्ध र सुशासन प्रवर्धनको लागि मेरा आवाजहरू सदन र सडक दुवैबाट बुलन्द हुनेछन्।

युवा तथा दक्ष जनशक्तिको विदेश पलायनको समस्या न्यूनीकरणका लागि नीतिगत व्यवस्था गर्ने मेरो प्राथमिकता हुनेछ। साथै, विदेशमा रहनुभएका नेपाली नागरिकहरूको भोट हाल्ने आधारभूत अधिकार लगायतको संरक्षण संवर्द्धनमा लागि पर्नेछु। नेपालमा उत्पादन हुने सबै वस्तु तथा सेवाहरूमा आत्मनिर्भरता तथा बाह्य क्षेत्रसँगको व्यापार र सुमधुर सम्बन्ध सन्तुलनको लागि पहल गर्नेछु। कृषिलाई विज्ञान र प्रविधिमा आधारित आधुनिकीकरण गराउन अनि, नेपालको अखण्डताको रक्षा गर्ने निर्विकल्प उपाय आत्मसम्मान र आत्मनिर्भरतासहितको अर्थतन्त्रका लागि अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गराउन नेपाल सरकार र सदन दुवैलाई दबाब सृजना गर्नेछु।

नेपालको मौलिक सभ्यताको उपहार स्वरुप गुठी-पद्धति र व्यवस्थालाई समय-सापेक्ष बनाउँदै सामाजिक र सांस्कृतिक सदभावलाई बलियो बनाउनका लागि नेपालभरी फैलिएका सांस्कृतिक विविधताअन्तर्गत राष्ट्रिय पहिचानका धरोहरहरू संस्कृति, संस्कार र सम्पदा (मूर्त/अमूर्त)लाई स्थानीयहरूको अपनत्व हुने गरी संरक्षण, संवर्धन

र प्रवर्धन गर्नेछु। सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय निकायसँग समन्वय गर्दै, हाम्रो क्षेत्रमा सुरक्षित पूर्वाधार विकास र सहरको व्यवस्थापनमा सशक्त रचनात्मक भूमिका खेल्नेछु। तपाईँहरू सबैको सहयोगमा, स्थानीय निकायमा हुने अनियमितता र ढिलासुस्ती कम गर्न विशेष पहल कदमी लिँदै सेवकको रूपमा काम गर्नेछु। तीनै तहको सरकारहरूसँग समन्वय गर्दै हामीले पहिलेदेखि गर्दै आएको पार्क निर्माण, ट्राफिक व्यवस्थापन, ढल व्यवस्थापन, फोहोर व्यवस्थापन, बाटो मर्मत, सडक बत्ती, शान्ति सुरक्षाका लागि सी. सी. टिभी जडान तथा मर्मत लगायतका कामहरूलाई निरन्तरता दिने नै छु। नेपालका प्रचलित कानुन, सरकारले दिएका सुविधा, सस्तो कृषि कर्जा, युवा उद्यमशीलता तथा साना व्यवसायको प्रवर्धन जस्ता महत्त्वपूर्ण विषयहरूलाई आम जनतामाझ पुर्‍याउन सहजीकरण गर्ने नै छु ।

नेपालको संविधानले सबैलाई प्रत्याभूत गरेको नि:शुल्क गुणस्तरीय शिक्षा तथा स्वास्थ्यलगायत आधारभूत आवश्यकतालाई पूर्ति गर्न पहल गर्नेछु। नेपालका विश्वविद्यालयहरूमा विभिन्न विषयहरूमा अनुसन्धानका लागि आर्थिक कोषको व्यवस्था गर्न र देशको विकासका लागि दक्ष जनशक्ति निर्माण गर्न नीतिगत पहल गर्नेछु। पानीको समस्या अब आउने दिनहरूमा झन् कहालीलाग्दो हुने देखिएकाले वर्षाको पानी सङ्कलन गर्ने, ऐतिहासिक हिटी र पोखरी पुनर्जीवित गर्ने, मासिँदै गएका पानीको श्रोतको संरक्षण गर्ने, कानुन निर्माण गर्ने र कार्यान्वयन गराउन पहल गर्नेछु। त्यस्तै, फोहरबाट ऊर्जा निकाल्ने, छुट्टै व्यवसायको रूपमा विकास गर्ने, हरित ऊर्जाको सम्भावना र कार्बन-ट्रेडिङ्गसाथै समुदायसँग काम गरेको मेरो अनुभवलाई प्रयोग गरेर फोहोर व्यवस्थापनमा सहयोग गर्नेछु।


नियमित रूपमा सार्वजनिक सुनुवाईअन्तर्गत क्षेत्र नं ८का नागरिकहरूसँग जन-सभा आयोजना गरेर अन्तर्क्रिया गर्नेछु।

सरकार र समाजले पछि पारेको सहरी गरिबी निवारणको मुद्दालाई विगतमाझैँ सदन पुगेर पनि उहाँहरूको आवाज पुर्‍याउने पहल गर्नेछु। समता र समावेशीतामा केन्द्रित रहेर, पिछडिएका व्यक्ति र समुदायको पनि मुद्दाहरूमा पनि मेरो पहल हुनेछ।

वातावरण पर्यावरण र जलवायु परिवर्तन हाम्रो र भावी पुस्ताको यथार्थता पनि, बाध्यता पनि हो। वातावरण-मैत्री नीति-नियम तीनै स्तरका सरकारी निकाय-संयन्त्रले आर्थिक समुन्नतिसँगै जोड्दै लानुबाहेक अरू कुनै विकल्प नभएको वैज्ञानिक तवरले पुष्टि भइसकेको हुँदा यसलाई म मेरो संसदीय कार्यकालको मुख्य एजेण्डामा राख्नेछु। वातावरण संरक्षणका साथै सम्पदा संरक्षण पनि मेरो कार्यकालको प्राथमिकतामा छ।

सरकारी निकायका सेवाग्राहीले सरकारी निकायहरूमा स-सम्मानका साथ सेवा प्राप्त गराउन सूचना - प्रविधिको सदुपयोग गर्दै डिजिटलाइजेसन सम्बन्धी मेरो पहिलेदेखिको पहल जारि हुनेछ। त्यस्तै, नवीनतम सोचहरूलाई समेटेर युवा उद्यमशीलता-प्रवर्धन गराउन पहलेको संसदीय अभ्यासको निरन्तरतास्वरूप यो कार्यकालको मुख्य एजेण्डाहरुमध्ये नै प्राथमिकतामा हुनेछ।

चुनाव चिन्ह : **घण्टी**





## विराजभक्त श्रेष्ठः संक्षिप्त परिचय

विवेकशील साझा पार्टीको तर्फबाट २०७४ सालमा समानुपातिक प्रतिनिधिमा निर्वाचित भई बागमती प्रदेश सभाको सांसदको रूपमा प्रशंसनीय काम गरेका बिराज भक्त श्रेष्ठको जन्म काठमाडौँको मध्य भागमा, यसै क्षेत्र (काठमाडौं-८) मा भएको हो। श्रेष्ठले बिजनेस एडमिनिस्ट्रेशनमा स्नातक गरेका छन्। सामाजिक अभियन्ता र उद्यमीका रूपमा आफ्नो काम सुरु गरेका उनले विभिन्न होटल र रेस्टुरेन्टहरू स्थापना र सञ्चालन गरेर दिगो पर्यटनमार्फत् नेपालको समृद्धिको परिकल्पना गर्न अगुवाइ गरेका छन्। यस सँगै विभिन्न अस्पताल, कम्पनी तथा परियोजनाका व्यवस्थापक, निरीक्षक र सञ्चालकको रूपमा काम गरेका छन्।

उनको प्रतिनिधित्व अभियानहरूको आवाजको रूपमा पनि लिन सकिन्छ।

## श्रेष्ठले प्रदेश सभा सदस्यको रूपमा गरेका कामहरू

१. पारदर्शीताको मर्म अनुरूप, हरेक वर्ष आफूले प्रदेश सभा सदस्यको रूपमा गरेको कामहरूलाई प्रतिवेदन मार्फत् सार्वजनिक गरेको।

२. नेपाल-भाषा र तामाङ भाषालाई बागमती प्रदेश सरकारको काम काजको भाषा बनाउन नेतृत्व गरी कानून पारित गराएको।

३. काठमाडौँ महानगरपालिका वडा नं २४मा अवस्थित “वंघ चुक: (इन्द्रचोक)” र ऐतिहासिक “वंघःदवू” को पुनर्निर्माण कार्य सम्पन्न गर्न बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय र इन्द्रचोक पुनर्निर्माण उपभोक्ता समितिसँग समन्वय गरेको ।

४. सरोकार वालाको सहमति बिना राष्ट्रिय पहिचान विरोधी गुठी विधेयक संघीय सनदमा पेस भएको र सोको असन्तुष्टिले काठमाडौँ लगायतका स्थानमा हजारौँ नागरिकले प्रदर्शन गरेपछिको परिस्थितिमा प्रदेश सभामार्फत प्रदेश सरकारको समेत ध्यानाकर्षण र विरोध जनाएको।

५. शंखधर स्वस्थ्य नागरिक पार्क निर्माण गर्न प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय पहल गरेको र निर्माण भई हाल उपभोक्ता समितिमार्फत स्थानीय समुदाय (वडा नं २०)लाई हस्तान्तरण गरिएको ।

६. माननीय मुख्यमन्त्रीलाई पहल गरी उहाँको प्रत्यक्ष निर्देशनमा जडान गरेको ट्राफिक बत्ती सञ्चालनको (टंकेश्वोर- परोपकार खण्ड) विषय र समग्रमा काठमाडौँ बासीहरूले दिन दिनै भोगिरहेको अस्त व्यस्त,असुरक्षित भित्री सडकको ट्राफिक समस्या न्यूनीकरण गर्न टंकेश्वोर-परोपकारमा ट्राफिक लाइटको जडान गरिएको (वडा नं १३) ।

७. वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव दर्ता गरी सदनबाट पारित गराउन सफल । विकाशको मानक, 'दिगो विकाश'लाई कानूनको अङ्ग बनाउन सफल ।

८. स्वास्थ्य सेवा र कोभिड-व्यवस्थापनमा सरकारलाई सदन र सडकबाट दबाब सृजना गर्न विभिन्न कार्यक्रमहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै सहभागी भएको।

९. मुख्य महान्यायाधिवक्ता काम, कर्तव्य र अधिकार तथा सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव दर्ता गरी संविधानको मर्मलाई बलियो बनाउन प्रयास गरेको।

१०. बागमती प्रदेश सभाले गठन गरेको राजधानी सम्भाव्यता अध्ययन विशेष समितिमा रहेर काम गरी प्रतिवेदन पेस गरेको ।

११. बागमती प्रदेश सभाको उद्योग, पर्यटन, वन तथा वातावरण समितिमा रही काम गरेको । सदनको विषयगत उद्योग समितिका सभापतिज्यूबाट गठित पर्यटन मन्त्रालयसम्बन्धी सुझाव कार्यदलको संयोजकको रूपमा कार्य अघि बढाएको ।

१२. सार्वजनिक, निजी सहकारी साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदन २०७६ मा विविध संशोधन प्रस्ताव दर्ता ।

१३. प्रदेश लोक सेवा आयोग सम्बन्धी विधेयकमा आयोगलाई निष्पक्ष र सक्षम बनाउन सुझाव पेस ।

१४. प्रदेश आर्थिक ऐनमा सुझाव पेस।

१५. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा सुझाव पेस गर्दै 'अब केही समय प्रदेश नं ३ मा सवारी दर्ता बन्द गर्नुपर्ने' सुझाव पेस।

१६. लोपोन्मुख जनजाति चेपाङ समुदायको आर्थिक सामाजिक समुन्नतिको लागि बिराज भक्त श्रेष्ठ सचिवालयबाट पहल गरिएको।

१७. काठमाडौँ वार्ड नं १९,२०,२३ र १६ मा रहेका सहरी गरिब समुदायको समस्याहरूमा केन्द्रित रहेको कार्यक्रम/ परियोजनामा समन्वय/ सहयोग गरेको।


१८. सदनमा परनिर्भरता घटाउने विषयमा, युवा सशक्तीकरण र महिला सशक्तीकरणको विषयमा, जबरजस्तिकरणीको विषयमा, वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने विषयमा, विपद् व्यवस्थापनको विषयमा, प्राविधिक शिक्षाको विषयमा, हस्तकलाको प्रवर्धनको विषयमा, संस्कार, संस्कृति, सम्पदा र पर्यटन प्रवर्द्धनको विषयमा, खेलकुद, प्रशिक्षक र पोषणको विषयमा, भ्रष्ट्राचारको विषयमा, कर प्रणाली सुधारको विषयमा, डेंगी रोगको नियन्त्रण गर्ने विषयमा, काठमाडौँको ट्राफिक जामको विषयमा, मेलम्ची खानेपानी परियोजनाको विषयमा, जलवायु परिवर्तन र पर्यावरण संरक्षणको विषयमा, प्राचीन स्मारक ऐनको विषयमा, गैर-न्यायिक सडक बिस्तार र प्रहरी दमनको विषयमा आवाज उठाएको।

१९. सदन बाहिर तेक्वान्दो सङ्घको उपाध्यक्ष, काष्ठमण्डप पुनर्निर्माण समितिको सल्लाहकार र हनुमानढोका क्षेत्र व्यवस्थापन कार्यदलमा रहेर काम गरेको।

२०. जिल्ला समन्वय समितिसँग विभिन्न कार्यहरूको लागि समन्वय र सहकार्य गरेको।

२१. विभिन्न सार्वजनिक महत्त्वको विषयहरूको बैठकमा सहभागी भएको र वातावरण, स्वास्थ्य, सम्पदा संरक्षण जस्ता सामाजिक कार्यक्रमहरूमा संलग्न भएको।

२२. विभिन्न सञ्चार माध्यममा आफ्नो अन्तर्वार्ता दिएको र लेख रचनाहरू पनि प्रकाशित गरेको।




**क्षेत्र नं. ८ का वडाहरू**

**का.म.न.पा. १३,१५,१९,२०,२३ र २४**

**नागार्जुन न.पा. ४ र ५ ।**

# चुनाव प्रचारप्रसार कार्यालय

इन्द्रचोक, काठमाडौं
डल्लु, काठमाडौं

**9841416789, 9867437608**

**office.birajbhakta@gmail.com**

**birajbhaktashrestha.com**

**Birajleads**